# लोक सेवा आयोग
## (सूचना तथा प्रकाशन शाखा)

(सूचना नं. ११२९/०७९-८०)

कमलपोखरी, काठमाडौं

मिति: २०७९/१०/२३

## दरखास्त तथा निवेदन पेश गर्ने सम्बन्धी सूचना

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७९-WO-०८०९ उपर मिति २०७९/१०/२० मा जारी भएको अन्तरिम आदेश कार्यान्वयनका लागि आयोगको मिति २०७९/१०/२३ गते बसेको बैठकको निर्णय बमोजिम शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदका लागि आयोगबाट मिति २०७९/८/२८ मा प्रकाशित विज्ञापन नम्बर १६६९२/०७९-८० देखि १६७०५/०७९-८० मा अन्तरिम आदेशमा उल्लेख भए बमोजिम लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी पदस्थापन भै कार्यरत वहालवाला स्थायी कर्मचारीमध्ये उक्त विज्ञापनमा दरखास्त दिन बाँकी उम्मेदवारबाट उमेर हद नलगाई २०७९/१०/२३ देखि २०७९/११/१४ सम्म २१ (एक्काइस) दिनको म्याद दिई दरखास्त आव्हान गर्ने निर्णय भएकोले सो अवधि भित्र आयोगको **अनलाईन दरखास्त प्रणालीमा दरखास्त पेश** गर्न यो सूचना जारी गरिएको छ। यसरी दरखास्त पेश गर्ने उम्मेदवारले सम्मानित अदालतको अन्तरिम आदेश बमोजिम उमेर हद नलगाई दरखास्त दिएको व्यहोरा खुलाई आयोगको अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा **छुट्टै निवेदन** समेत अनिवार्य अपलोड गर्नुपर्नेछ।

त्यस्तै माथि उल्लेखित विज्ञापनमा पहिलो पटक सूचना प्रकाशन हुँदा तोकिएको अवधिमा दरखास्त दिई **दरखास्त अस्वीकृत भएका उम्मेद्वार** मध्ये उक्त आदेश बमोजिम लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी पदस्थापन भै कार्यरत वहालवाला स्थायी कर्मचारी कोही भएमा उमेर हद नलगाई आफ्नो दरखास्त स्वीकृतीका लागि आँफुलाई पायक पर्ने लोक सेवा आयोगको कुनै कार्यालयमा **निवेदन पेश गर्न** समेत जानकारी गराईएको छ।

सम्मानित अदालतको अन्तरिम आदेश कार्यान्वयनका सिलसिलामा यो सूचना जारी गरिएकोले अदालतबाट अन्तिम आदेश हुँदाका वखत अन्यथा आदेश भएमा सोही बमोजिम भैजाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

०७९/१०/२३

(देवीप्रसाद सुवेदी)

**उपसचिव**